कार्यपालिका ९४औं बैठक

आज मिति २०८३/०२/०६ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष देविराम अर्याल ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरूको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरू पारित गरियो ।

उपस्थिति:

| क्रम संख्या | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री देविराम अर्याल | |
| २ | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३ | वडा अध्यक्ष | श्री दिपक श्रीस | |
| ४ | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५ | वडा अध्यक्ष | श्री ज्ञान कुमार बुढा | |
| ६ | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७ | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८ | वडा अध्यक्ष | श्री दिपक भण्डारी | |
| ९ | वडा अध्यक्ष | श्री हिरा बहादुर कार्की | |
| १० | वडा अध्यक्ष | श्री सूर्य बहादुर घर्ती क्षेत्री | |
| ११ | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२ | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३ | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४ | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५ | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६ | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७ | कार्यपालिका सचिव | श्री विवेक खनाल | |

आमन्त्रित सदस्यहरु:

१८. गणेश प्र. [illegible] (प्रशासन शाखा प्रमुख)

१९. राम कुमार केसी (आर्थिक प्रशासन शाखा प्रमुख)

२०. ई. विष्णु अर्याल इन्जिनियर

२१ [illegible]

प्रस्तावहरु:-

१.मेडिकल सामग्री खरिद तथा आपूर्ति (ठेक्का नं.OMRM-GUL-G-NCB-082/083) का सम्बन्धमा भएको त्रुटिका सम्बन्धमा,

२.ह्याङ्दी स्वास्थ्य चौकी भवन मर्मत कार्य गर्ने सम्बन्धमा,

३. स्मार्ट वोर्ड खरिद सम्बन्धमा,

४.अर्जै वेशी सामुदायिक स्वास्थ्य केन्द्र इकाइको भवन संरक्षणका लागि वाल निर्माण सम्बन्धमा,

५. विद्यालयको लागि सामग्री खरिद सम्बन्धमा,

६. सिलादी घमिर अर्खावाङ्ग सडकको निर्माण अवधि म्याद थप सम्बन्धमा,

७.अघिल्लो गाउँ कार्यपालिका वैठकले गरेका निर्णयहरुको समिक्षा सम्बन्धमा,

८.शिक्षक दरवन्दी मिलान सम्बन्धी निर्णय अनुमोदन सम्बन्धमा,

९.खर्च सार्वजनिक तथा अनुमोदन सम्बन्धमा

१०.लेन्थ वर्करको वडागत संख्या निर्धारण सम्बन्धमा

११. विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा,

१२.नदी तथा खानीजन्य पदार्थको विक्रि वितरण सम्बन्धमा जि.स.स.द्वारा जारी सुझाव कार्यान्वयन सम्बन्धमा,

निर्णयहरु:-

| | | |
|---|---|---|
| १. | स्वास्थ्य शाखा | आ.ब.२०८२/०८३ को संघीय सरकारको वार्षिक स्वीकृत वजेट तथा कार्यक्रम अनुसार स्वास्थ्य चौकिहरुको उपकरण खरिद तथा पूँजिगत सुधार कार्यक्रममा विनियोजित रु.६० लाख रकमबाट मेडिकल सामग्रीहरु खरिदका लागि गाउँपालिकाबाट आवश्यक कागजात तयार गरी ठेक्का (ठेक्का नं. OMRM-GUL-G-NCB-49-082/083) खोलिएकोमा साइन्स टेक्नोलोजी एण्ड मार्केटिङ्ग, महादेवस्थान -३२ काठमान्डौले पेश गरेको वोलपत्र स्वीकृत गरी सम्झौता समेत भएको तर विड डकुमेन्टमा उल्लेखित सामग्रीको स्पेशीफिकेशन र लागत अनुमान बीच फरक परि गल्ति भएकोले ल.ई.अनुसारको सामग्री उपलब्ध गराउनको लागि सप्लायर्ससँग आवश्यक नेगोसियसन गरी कार्यालयको लागि आवश्यक Imaging Technology -Dry laser imager (Thermal Imaging) नै ल्याउने सम्बन्धमा निर्णय गरियो। |
| २. | योजना शाखा | मालिका गाउँपालिकाको वडा नं.-३ ह्याङ्दीको साविक स्वास्थ्य चौकीको भवन जिर्ण भएको कारण आ.ब.२०८१/०८३ मा मर्मत संभार गरिएको, चालु आ.ब.२०८२/०८३ मा पनि प्रदेश सरकारको सशर्त अनुदानबाट रु.१५ लाख रकम विनियोजन भएको, सवैलाई पायक पर्ने नयाँ स्थलमा संघीय सरकारको ८० लाख रकमबाट पक्की भवन निर्माण भइरहेको अवस्थामा गतसाल मर्मत गरिएको स्वास्थ्य चौकी भवनमा फल्स सिलिङ्ग र अन्य स साना मर्मतको कार्य बाँकी रहेको हुँदा प्राविधिक ल.ई. रु.६४६६७१/- रुपैयाँ वरावरको निर्माण कार्य गर्ने प्रयोजनार्थ ठेक्का खोल्ने निर्णय गरि कार्य प्रकृया अगाडी वढाउनको लागि प्राविधिकलाई निर्देशन दिने निर्णय गरियो। |
| ३. | स्वास्थ्य शाखा | चालु आ.ब.२०८२/०८३ मा संघीय सरकारको विशेष अनुदान अन्तरगत स्वास्थ्य गुणस्तर सुधार कार्यक्रम शिर्षकमा रु.१ करोड '२० लाख रकम विनियोजन भएको र उक्त रकमबाट प्राविधिक ल.ई. अनुसार रु.१९,८६,२६७/- बाट स्वास्थ्य संस्थाहरुको लागि आवश्यक स्मार्ट वोर्डहरु खरिद |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | गर्ने निर्णय गरी आवश्यक प्रकृया अगाडी वढाउनको लागि जिन्सी शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो। |
| ४. | स्वास्थ्य शाखा | अर्जै वेशी सामुदायिक स्वास्थ्य केन्द्र इकाइको नयाँ भवन आ.व.२०८१/०८२ मा निर्माण गरिएकोमा उक्त भवनको दाया तर्फ सडक रहेको र सडक चौडा पार्ने क्रममा पहिरो गई भवन भत्कने संभावना भएको हुँदा उक्त भवन संरक्षणका लागि संघीय सरकारको हस्तान्तरित विशेष अनुदान अन्तरगत विनियोजित रकम रु.१ करोड २० लाखमध्ये वचत भएको रकमबाट उक्त सामुदायिक स्वास्थ्य केन्द्र इकाइको भवन संरक्षणका लागि कोटेशन विधिबाट वाल निर्माण गर्ने सम्बन्धमा निर्णय गरी आवश्यक प्रकृयाका लागि प्राविधिक तथा योजना शाखालाई निर्देशन दिने निर्णय गरियो। |
| ५. | जिन्सी शाखा | चालु आ.ब.२०८२/०८३ को लुम्बिनी प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस गाउँपालिकाको वडा नं.३ ह्याङ्दीमा रहेको श्री ह्याङ्दी मेहाले मा.वि.फर्निचर खरिद तथा मर्मत शिर्षकमा रु.५ लाख रकम विनियोजन भएको, विद्यालयमा फर्निचर अभाव भएको कारण विद्यालयको माग बमोजिम कोटेशन विधि मार्फत उक्त सामग्री खरिद गरी विद्यालयलाई हस्तान्तरण गर्ने निर्णय गरी सो कार्य गर्न गराउनको लागि जिन्सी शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो। |
| ६. | प्राविधिक शाखा | सिलादी घमिर अर्खावाङ्ग सडकको निर्माण (ठेक्का नं.-OMRM-GUL-W-NCB-44-082/083) को सम्झौता मिति २०८२/१२/२२ मा भएको, निर्माण अवधी २ महिनामात्र भएको, अधिक वर्षादको कारण समयमा कार्य सम्पन्न गर्न समस्या भएको कारण १ महिनाको म्याद थपको लागि निवेदन पेश भएको हुँदा अधिक वर्षादको कारण ढलानमा समस्या भएकोले निर्माण व्यवसायीको माग निवेदन बमोजिम २०८३/०३/२२ गते सम्मलाई म्याद थप गर्ने निर्णय गरियो। |
| ७. | प्रशासन शाखा | गाउँकार्यपालिका वैठकले निर्णय गरेका विषयहरुको कार्यान्वयनका सम्बन्धमा छलफल/समिक्षा गरी अघिल्लो गाउँ कार्यपालिका वैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषनक रहेको सम्बन्धमा निर्णय गरियो। |
| ८. | शिक्षा शाखा | मालिका गाउँपालिकाको सामुदायिक विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान समितिको मिति२०८३/०१/१० गतेका दिन वसेको वैठकले यस गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई विद्यालयको आवश्यकता पूर्ति हुने गरी तपसिलका शिक्षकहरुलाई विद्यालय सरुवा,दरवन्दी मिलान तथा कक्षा घटुवा सम्बन्धी निर्णय गरी सोको अनुमोदनका लागि यस गाउँ कार्यपालिकाको वैठकमा पेश भएकोमा उक्त निर्णयहरुको सम्बन्धमा व्यापक छलफल गरी विद्यालय सञ्चालनको लागि उक्त निर्णय उपर्युक्त देखिएको हुँदा अनुमोदन गर्ने निर्णय गरियो।<br>तपसिलः- |

| क. सं. | शिक्षकको विवरण | पद | दरवन्दी रहेको विद्यालय | सरुवा गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १. | लक्ष्मी के.सी. | वालविकास सहजकर्ता | मूलावारी प्रा.वि. | पैयापाटा प्रा.वि. | दरवन्दी सहित काजमा श्री खड्ग आवि मालिका ८ |
| २ | रुद्र वहादुर पुन | प्रावि करार | सल्लाखर्क प्रा.वि | च्यानडाडाँ मावि | दरवन्दी सहित |
| ३ | पार्वती रेग्मी | प्रावि करार | अमर मावि | देविस्थान मावि-३ | दरवन्दी सहित |
| ४ | करिष्मा घर्ती | प्रावि करार | देविस्थान मा.वि मालिका-३ | च्यानडाडा मा.वि मालिका-२ | दरवन्दी सहित |
| ५ | राम वहादुर थापा | प्रावि करार | च्यानडाडा मा.वि.मालिका-२ | जनजागर प्रा.वि.मालिका-२ | दरवन्दी सहित |
| ६ | सविता पन्थी | प्रावि करार | जनजागरण प्रावि मालिका-२ | अमर मावि मालिका- १ | दरवन्दी सहित काजमा वरारुख आ.वि.मालिका-७ |
| ७ | लक्ष्मी वि.क. | वालविकास सहजकर्ता | भगवती प्रा.वि. मालिका-८ | खड्ग आ.वि .मालिका-८ | काज |
| ८ | पुष्पा अर्याल | प्रावि करार | गएलीचौर प्रा.वि.मालिका-३ | ह्राङ्दी मेहाले मा.वि.मालिका-३ | दरवन्दी सहित |
| ९ | छविलाल भट्टराई | प्रा.वि.तृतीय | ठूलीचौर प्रा.वि.मालिका-४ | अर्खावाङ्ग मा.वि.मालिका-४ | दरवन्दी सहित काजमा मूलावारी प्रा.वि.मालिका-४ |

| क्र.सं. | विद्यालयको नाम | संचालित कक्षा | हाल कायम गरिएको कक्षा | घटुवा/वढुवा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ठूलीचौर प्रा.वि.मालिका-४ | कक्षा ४ सम्म | कक्षा ३ सम्म | घटुला | विद्यार्थी संख्या अपुग |
| २. | सल्लाखर्क प्रा.वि. मालिका-१ नेटा | कक्षा २ सम्म | कक्षा १ सम्म | घटुवा | विद्यार्थी संख्या अपुग |

| | | |
|---|---|---|
| ९. | लेखा शाखा | यस गाउँपालिकाको आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत २०८३ वैशाख महिनामा संचालन तथा पूँजिगत शिर्षकमा बिनियोजित रकमबाट रु. १,७७,७१,८०९/- रुपैयाँ खर्च भएकोले उक्त खर्च रकम सार्वजनिक गरी अनुमोदन गर्ने निर्णय गरियो। |
| १०. | रोजगार शाखा | यस गाउँपालिका क्षेत्र भित्र रहेका सडकहरु वर्षादको समयमा भल पानी तथा पहिरोको कारण यातयातका साधनहरु सञ्चालनमा समस्या हुने हुँदा तपसिलका वडामा निम्नानुसारका लेन्थ वर्करहरु राख्ने सम्बन्धमा निर्णय गरियो।<br>तपसिलः-<br>वडा नं.-१ नेटा -६ जना |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | वडा नं.-२ दर्लिङ्ग -८ जना<br>वडा नं.-३ हाङ्गदी -५ जना<br>वडा नं.-४ अर्खावाङ्ग -४ जना<br>वडा नं.५ छापहिले -१० जना<br>वडा नं.-६ अर्जै -५ जना<br>वडा नं. ७ घमिर -६ जना<br>वडा नं.-८ मरभुङ्ग -११ जना |
| ११. | विपद शाखा | यस गाउँपालिकामा रहेको विपद व्यवस्थापन समितिको मिति २०८३/०१/१४ गतेका दिन बसेको बैठकले विपदका कारण यातयातका साधनहरु सञ्चालनमा समस्या भएका प्रत्येक वडाका सडकहरुको विवरण संकलन तथा सडक मर्मत संभार सम्बन्धी भए गरेका १ देखि ५ सम्मका निर्णयहरुका सम्बन्धमा छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो। |
| १२. | लेखा शाखा | जिल्ला समन्वय समिति गुल्मीबाट नदी जन्य तथा खानी जन्य पदार्थको सम्बन्धमा प्रास सुझाव तथा निर्देशनका सम्बन्धमा छलफल गरी उक्त सुझाव तथा निर्देशनहरु पूर्ण रुपमा कार्यान्वयन गर्ने सम्बन्धमा निर्णय गरी सम्बन्धित शाखाहरुलाई कार्यान्वयनका लागि जानकारी गराउने सम्बन्धमा समेत निर्णय गरियो। |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत